जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ॥-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

सबै क्षेत्रको प्रबर्द्धनको गुरु

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

बर्ष १३ • अंक १३१ • २०८२ फागुन १९ गते मंगलवार • 3 Mar. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-




# अहिले दुई कुराको चर्चा मात्र, रङहरूको पर्व होली र प्रतिनिधिसभा निर्वाचन

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, १८ फागुन**

अहिले मधेसका खेत-खलिहानदेखि सहरका चिया पसलसम्म दुई कुराको चर्चा छ, रङहरूको पर्व होली र सत्ताको छिनाझपटी फैसला गर्ने प्रतिनिधिसभा निर्वाचन। आगामी बिहीबार हुन लागेको निर्वाचनको सरगर्मी जति बढेको छ, उम्मेदवारहरूको ढुकढुकी पनि त्यति नै तीव्र भएको छ।

तर यसपटक मधेसको चुनावी परिणामलाई होली पर्वको मनोविज्ञानले पनि असर पार्ने संकेत देखिएको छ । मधेसको राजनीतिमा अहिले होलीको कारण उम्मेदवारलाई थप तनाव भएको देखिन्छ । मधेस प्रदेशमा होली केवल एउटा पर्व होइन, यो सामाजिक एकता र कहिलेकाहीँ राजनीतिक शक्ति प्रदर्शनको माध्यम पनि हो । यसपटक निर्वाचन र होलीको साइत झण्डै एकै समयमा जुरेकाले उम्मेदवारहरूका लागि यो चुनौती सावित भएको छ । एकातिर मतदातालाई आफ्नो पक्षमा पार्न रङ र अबिरसँगै चुनावी एजेन्डा पुर्‍याउनुपर्ने चुनौती छ भने अर्कोतिर होलीको रमझमले कतै मतदानको प्रतिशत नै घटाउने त होइन भन्ने चिन्ता पनि छ। उम्मेदवारहरूको मनोविज्ञान र सकस: बारा निर्वाचन क्षेत्र नम्बर ४ मा नेपाली कांग्रेसबाट उम्मेदवार बनेका श्यामबाबु गुप्ता यतिबेला घरदैलोमा व्यस्त छन्। तर उनको मनमा एउटा संशय छ। मधेसको मुख्य चाड नै होली भएकाले यसले चुनावी माहोललाई असहज बनाएको उनको अनुभव छ। 'हाम्रो संस्कारमा होलीको छुट्टै महत्व छ, मानिसहरूलाई उत्सवबाट मतदान केन्द्रसम्म लैजानुपर्ने छ। होलीका कारण मतदान प्रतिशतमा असर नपरे पनि कतिपय अवस्थामा खेलबाड हुने डर छ,' उनी भन्छन्।

यस्तै चिन्ता बारा क्षेत्र नम्बर २ का प्रगतिशील लोकतान्त्रिक पार्टीका उम्मेदवार शिवचन्द्र कुशवाहाको पनि छ। उनी निर्वाचनको मिति तय गर्दा प्रशासन र निर्वाचन आयोगले मधेसको सांस्कृतिक संवेदनशीलतालाई नबुझेको गुनासो गर्छन्। उम्मेदवार, मतदाता र सुरक्षाकर्मी सबैलाई होली र चुनाव एकैपटक व्यवस्थापन गर्न हम्मेहम्मे परेको उनको तर्क छ। 'चाडबाडको बेला मानिसहरू खानपिन र रमाइलोमा मस्त हुन्छन्, यस्तो बेला सुरक्षा व्यवस्था कडा पार्नु र मतदातालाई शान्त राख्नु कम चुनौतीपूर्ण छैन,' कुशवाहा भन्छन्। मंगलबारको रङ र बुधबारको 'सेलिब्रेसन': गत स्थानीय तह निर्वाचनमा सर्लाहीको रामनगर गाउँपालिकाको उपाध्यक्ष पदका प्रत्यासी तथा अवकाशप्राप्त प्रहरी नायब निरीक्षक रामविनोद राय मधेसको होलीको चरित्रलाई नजिकबाट नियाल्छन्।

उनका अनुसार मधेसमा होलीको रङ दुई-चार दिनसम्मै चल्छ। यसपटक मंगलबार मुख्य होली परेको छ। तर धार्मिक विश्वासका कारण मंगलबार धेरैले मासु-मदिरा र रङ नखेल्ने हुँदा त्यसको वास्तविक उत्सव बुधबार मनाइने रायको विश्लेषण छ। 'बुधबार मधेसभरि भोजभतेर र




रङको उत्सव हुन्छ, तर बिहीबार त मतदान नै छ,' राय भन्छन्, 'बुधबार रातभर उत्सव मनाउने मतदाता बिहीबार बिहानै उठेर लाइन लाग्न आउलान् कि नआउलान् ? उम्मेदवारहरूको मुख्य डर नै यही हो।'

यही मनोविज्ञानका कारण उम्मेदवारहरूले यसपटक मतदातालाई 'ब्युँझाउन' अतिरिक्त मिहिनेत गर्नुपर्ने देखिएको छ। 'साम, दाम, दण्ड, भेद' र होलीको भारी खर्च: मधेसको चुनावमा खर्चको विषय सधैँ चर्चामा रहन्छ। यसपटक होलीले उम्मेदवारहरूको खर्चको ग्राफलाई आकाशमा पुर्‍याइदिएको छ। रातोपाटीको स्थलगत रिपोर्टिङ टिमसँग नाम नबताउने सर्तमा एक उम्मेदवारले भने, 'मधेसमा चुनाव जित्न साम, दाम, दण्ड, भेद सबै चाहिन्छ। अझ होलीको समयमा त मतदाताको अपेक्षा झनै बढ्छ। गाउँका समूहहरूलाई होली खर्च, मासु र रक्सीको व्यवस्था नगरिदिए मत अन्तै मोडिने खतरा छ।' ती उम्मेदवारका अनुसार अहिले एउटा क्षेत्रमा करोडौँको खर्च भइसकेको छ र होलीको नाममा थप खर्चको दबाब छ। 'यहाँ कसैले दूधले नुहाएको छैन, सबैले खर्च गरिरहेका छन्। मतदाता तान्न र जोगाउन अहिले होली एउटा ठुलो माध्यम बनेको छ,' उनी भन्छन्।

सप्तरी-२ मा जसपाका उमेश यादव र पूर्व मुख्यमन्त्री समेत रहेका स्वाभिमान पार्टीका सतिश सिंह पनि होलीको नयाँ माहोलले चुनौती दिएको बताउँछन्। उनीहरूका अनुसार एक चरणको घरदैलो सकिए पनि होलीले पुरानो समीकरण भत्काएर नयाँ समीकरण बनाइदिने डर छ। मतदाता गाउँ फर्किंदा उत्साह: परम्परागत दलहरू होलीको माहोलले त्रसित भइरहँदा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का उम्मेदवारहरू भने उत्साहित देखिन्छन्। यसको मुख्य कारण हो, होली मनाउन घर फर्किने युवा र विद्यार्थीहरू। काठमाडौँ, हेटौंडा, भारत र वैदेशिक रोजगारीमा रहेका मधेसी युवाहरूको होली मनाउन गाउँ फर्किने लर्को लागेको छ।

रास्वपाका एक उम्मेदवार भन्छन्, 'यसपटक होलीले हाम्रा लागि 'गेम चेन्जर' को काम गर्दैछ। बाहिरबाट आउने विद्यार्थी र सचेत युवाहरूले गाउँमा नयाँ लहर ल्याएका छन्। उनीहरूले पहिले नै फोन गरेर परिवारलाई घण्टीमा भोट हाल्न भनिसकेका छन् र अहिले आफैँ उपस्थित भएर प्रभाव पार्दैछन्।' शिक्षित युवाहरूको घर फिर्तीले परम्परागत दलहरूको 'पैसा र मदिरा' को राजनीतिलाई धक्का दिने अपेक्षा गरिएको उनी बताउँछन्। पर्सा-२ का प्रलोपाका उम्मेद्वार अमिताभ बच्चन दास पनि यसपटक मतदान प्रतिशत

बांकी पृष्ठ २ मा।

# मौन अवधि मतदाताले अन्तरआत्माले निर्णय गर्ने अवसर हो : कार्यवाहक प्रमुख आयुक्त

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १८ फागुन**

निर्वाचन आयोगका कार्यवाहक प्रमुख आयुक्त रामप्रसाद भण्डारीले मौन अवधि मतदाताले अन्तरआत्माले स्वतन्त्रतापूर्वक निर्णय गर्ने अवसर भएको बताएका छन्।

राजनीतिक दल तथा उम्मेदवारको दबाबबाट मुक्त भई मतदाताले आफ्नो विवेकको निर्णय आफ्नै अन्तरआत्माले स्वतन्त्रतापूर्वक गर्ने अवसरको निम्ति प्रचारप्रसार निषेध वा मौन अवधि तोक्ने गरिएको उनले बताए। यसले स्वच्छ प्रतिस्पर्धालाई प्रवर्द्धन गर्ने उनको विश्वास छ। २१ फागुनको निर्वाचनका लागि आयोगले ४ फागुनदेखि १८ फागुन




(सोमबार) सम्मका लागि निर्वाचन प्रचारप्रसारको समय निर्धारण गरेको थियो। निर्वाचन प्रचार अभियानलाई केवल विजयी हुने साधनका रूपमा मात्र नलिई आम मतदाताको मन जित्ने संस्कारयुक्त प्रक्रियामा परिणत गर्नुपर्ने कार्यवाहक प्रमुख आयुक्त भण्डारी बताउँछन्। यही मान्यता अनुसार मतदाताहरूले शान्त वातावरणमा बसेर उपयुक्त उम्मेदवार चयन गरुन् भन्ने मनशायमा विश्वव्यापी रूपमा नै मतदान अघिको केही समयलाई प्रचारप्रसार निषेध गर्ने प्रचलन रहेको उनले बताए। मौन अवधिका लागि तोकिएका आचरण अक्षरशः पालना गर्दा त्यसबाट राजनीतिक दल, उम्मेदवार एवं सरोकारवाला सबैबाट निर्वाचनको स्वच्छता र निष्ठा प्रवर्द्धन गर्न मद्दत पुग्ने उनको विश्वास छ।

प्रचारप्रसार निषेध अवधिमा निर्वाचन प्रचारप्रसार लगायत कुनै पनि प्रकारका छलफल, अन्तरक्रिया, सभा सम्मेलन, कार्यशाला गोष्ठी आदि गर्न पाइँदैन। मतदान हुने दिनको ४८ घण्टाअघि मतदान स्थलको तीन सय मिटर वरिपरि राखिएका राजनीतिक दल वा उम्मेदवारका प्रचारप्रसार सामग्री हटाउन पनि सम्बन्धीत दललाई निर्देश गरेको छ। यो अवधिमा राजनीतिक दल तथा उम्मेदवार, दलका भ्रातृ संगठनहरूले सामाजिक सञ्जाल मार्फत गरेका विज्ञापन तथा निर्वाचन प्रचारप्रसारका सामग्री हटाउनुपर्छ। कार्यवहाक प्रमुख आयुक्त भण्डारीका अनुसार निषेध अवधिमा सामाजिक सञ्जाल, अनलाइन, छापा वा अन्य कुनैपनि माध्यमबाट राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा प्रचारप्रसार सामग्री पोष्ट गरेको पाइए कारबाही हुनेछ।




GALAXY SCHOOL/COLLEGE
Bajrang Chowk, Janakpurdham-8
041-524969/9854028024
NEB AFFILIATED
Admission Open ! +2
- SCIENCE
- MANAGEMENT
- EDUCATION
- LAW with Computer
Super 81 Scholarship Scheme
33 Years of Academic Excellence

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
जलेश्वर टुडे
Jaleshwor Today National Daily
एक कदम अगाडि
www.jaleshwortoday.com



## सम्पादकीय...................

# मतदानमा सहभागी होऔं

मतदानमा सहभागी नभएकाहरूको खण्डमा समेत यसको कारणको सर्वेक्षण अध्ययन गर्ने समेत थालनी निर्वाचन आयोगले गर्नु नवीनतम् सोच हुन सक्ने देखिन्छ । यस्ता अध्ययनले निर्वाचन अभ्यासमा अत्यावश्यक बन्दै गएका केही परिवर्तनको आकलन सहज हुने देखिन्छ। खाली नतिजामा मात्र नभई यी पक्षहरूमा पनि निर्वाचन आयोग तथा सबै सरोकारवालाहरूको यथेष्ट ध्यान आकर्षित हुनु आवश्यक रहेको देखिन्छ । राजनीतिमा चर्चा-परिचर्चा गर्नुपर्ने अनेकन पक्षभित्र सफल प्रजातान्त्रिक निर्वाचन भनेर नै नयाँ धारहरू आएको देखिन्छ। एउटा निर्वाचन प्रजातान्त्रिक अनि सफल छ भन्नलाई थुप्रै विशेषताको अनुपालतना भएको हुनुपर्ने देखिन्छ। स्वतन्त्र, निष्पक्ष र आवधिक, समावेशी तथा समानुपतिक, व्यापक तथा गोप्य हुनुपर्ने कुरा सबैतिर अविवादित सत्यका रूपमा स्थापित भएको देखिन्छ । निर्वाचनलाई केवल औपचारिकता मात्र नभई एक महत्वपूर्ण अभ्यासका रूपमा सफल पार्नुपर्ने देखिन्छ । आवधिक निर्वाचन सफल प्रजातन्त्रको प्राण समेत रहेको छ । लोकतन्त्रको सफलताको पहिलो आधार निर्वाचनको सफलताबाट नै सुरुवात हुन्छ। तसर्थ निर्वाचनलाई सफल पार्न मतदानमा सहभागी हुन आवश्यक रहेको देखिन्छ ।

## अहिले दुई कुराको चर्चा........

बढ्नेमा आशावादी छन् । बाहिरबाट मानिसहरू गाउँ फर्किने भएकाले नयाँ मतदाताको प्रवेशले पुराना अनुमानहरू फेरबदल हुन सक्ने उनको ठम्याइ छ। सुरक्षा चुनौती र साम्प्रदायिक संवेदनशीलता: होली र निर्वाचनको संयोगले स्थानीय सरकार र प्रशासनको निकायलाई पनि तनावमा पारेको छ । वीरगञ्ज महानगरपालिकाका मेयर राजेशमान सिंह र जितपुरसिमरा उपमहानगरपालिकाका मेयर राजन पौडेल दुवैले यस समयलाई 'अति संवेदनशील' मानेका छन्। होलीमा मदिरा सेवनका कारण हुने सानातिना विवादले साम्प्रदायिक वा राजनीतिक हिंसाको रूप लिन सक्ने खतरा छ। 'चुनाव कसले जित्छ भन्ने एउटा कुरा हो, तर चुनाव भयरहित हुनु सबैभन्दा महत्वपूर्ण हो,' मेयर सिंह भन्छन् । धार्मिक र साम्प्रदायिक हिसाबले मधेसका कतिपय ठाउँ संवेदनशील रहेकाले होलीको रङमा राजनीतिक रिसइबी साँध्ने काम नहोस् भनी प्रशासनले विशेष सतर्कता अपनाउनुपर्ने देखिन्छ । मधेसका एक प्रमुख जिल्ला अधिकारी भन्छन्, 'यहाँ सानो झिल्कोले पनि आगो लाग्न सक्ने डर छ।

## जिल्ला धनुषा, शहिदनगर नगरपालिका-०७ मा स्थापना भई संचालन भईरहेको सानवी फिक्स ईट्टा उद्योगको लागि आवश्यक पर्ने प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना

मधेश प्रदेश धनुषा जिल्ला शहिदनगर नगरपालिका-०७ मा स्थापना भई संचालन भईरहेको सानवी फिक्स ईट्टा उद्योग द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना : | नाम:- सानवी फिक्स ईट्टा उद्योग<br>ठेगाना:- शहिदनगर नगरपालिका-०७, धनुषा |
| प्रस्तावको व्यहोरा : | शहिदनगर नगरपालिका-०७, धनुषाको कित्ता नं. १३४९, १९१२, १३२६, १३२५, १२७३, १३५४, ४७७, ४७८, १०८, १३८८ र १२३६ को जम्मा क्षेत्रफल २-१२-१४-१० (बि-का-धु-क) भएको जग्गामा निर्माण भई संचालन भईरहेको सानवी फिक्स ईट्टा उद्योग को लागि प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन तयारी गर्ने कार्य । |
| प्रभाव पर्न सक्ने जिल्ला/न.पा./गा.पा: | शहिदनगर नगरपालिका |

माथि उल्लिखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक प्रणाली, भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणालीबीच के कस्तो प्रभाव पर्छ भनी यकिन गर्न सो स्थानको न.पा./गा.पा. तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगाना:**

| | |
|---|---|
| सम्बन्धित वडा कार्यालय: | शहिदनगर नगरपालिका<br>०७ नं. वडा कार्यालय, धनुषा |
| प्रोपराइटरको नाम र ठेगाना: | नाम:- उमेश कुमार महतो<br>ठेगाना:- विदेह नगरपालिका वार्ड नं. ६, धनुषा |
| परामर्शदाताको नाम र ठेगाना: | सुनरस कन्सल्टेन्सी एण्ड ट्रेडर्स प्रा.लि., वीरगंज-१६, पर्सा ।<br>सम्पर्क व्यक्ति: शम्भुप्रसाद चौरसिया<br>सम्पर्क नं.: ९८५१००६६४३<br>इमेल: shambhuprasadchaurasia@gmail.com |

## तपाईको टुडे

मेष: लामो यात्राको योग छ
वृष: अनावश्यक चिन्ता
मिथून: मित्रतामा फाटो आउने
कर्कट: मनमा पछुतो आउने
सिंह: आम्दानी हुने
कन्या: अनावश्यक खर्चको संभावना
तुला: विचार गरेर बोल्नुहोला
वृश्चिक: अशुभ समाचार प्राप्त हुने
धनु: खानपानमा समस्या आउने
मकर: शुभ कार्यको शुरुवात
कूम्भ: पिछडेको साथी मिल्ने
मीन: पढाईमा ध्यान दिनुपर्ने

## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा

## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : नि:शुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# निर्वाचन अवधिमा पनि बैंकिङ सेवा उपलब्ध हुने

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १८ फागुन**

बैंक तथा वित्तीय संस्थाले निर्वाचन अवधिमा पनि सेवा उपलब्ध गराउने भएका छन् । नेपाल राष्ट्र बैंकले वित्तीय सेवा सञ्चालन गर्न निर्देशन दिएका बैंक तथा वित्तीय संस्थाले सेवा प्रदान गर्ने भएका हुन् ।



निर्वाचन आयोगले प्रतिनिधीसभा सदस्य निर्वाचनलाई मध्यनजर गरी वित्तीय सेवा सञ्चालन गरिदिन अनुरोध गरेपछि सार्वजनिक बिदाका दिनमा पनि सेवा उपलब्ध गराउन केन्द्रीय बैंकले निर्देशन दिएको हो ।

२०८२ साल फागुन २१ गते बिहीबारका दिन हुने निर्वाचनका सम्बन्धमा नेपाल सरकारले फागुन २०, २१ र २२ गते सार्वजनिक बिदा घोषणा गरेको छ । त्यस्तै फागुन १८ गते हिमाली र पहाडका ५६ जिल्लामा तथा १९ गते तराईका २१ जिल्लामा होली पर्व परेका सार्वजनिक बिदा छ ।

सो अवधिमा बैंकिङ सेवा सञ्चालन गर्न केन्द्रीय बैंकले निर्देशन दिएको हो । सरकारी कारोबार गर्न तोकिएका वाणिज्य बैंकहरूद्वारा भुक्तानी व्यवस्था र राजस्व दाखिला गर्ने शाखा तथा काउन्टरमा सेवा उपलब्ध गराउन केन्द्रीय बैंकले निर्देशन दिएको हो । त्यसैगरी निर्वाचन प्रचारप्रसारका लागि बैंक खाता सञ्चालन गर्ने संस्थाहरुद्वारा राजनीतिक दल तथा उम्मेदवारहरूको नगद वा चेक वा अन्य विनिमय साधनहरूको दाखिला, भुक्तानी लगायतका बैंकिङ सेवा प्रदान गर्न बैंकहरूलाई केन्द्रीय बैंकले निर्देशन दिएको हो ।

# राति १२ बजेपछि के-के गर्न पाइँदैन ?

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १८ फागुन**

प्रतिनिधिसभा सदस्यका लागि २१ फागुनमा मतदान हुँदैछ । कसैले पनि एउटै निर्वाचनका लागि एकभन्दा बढी पटक मतदान गर्न हुँदैन । निर्वाचन आयोगका अनुसार एक व्यक्तिले एकपटक भन्दा बढी मतदान गरे २५ हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।



निर्वाचन आयोगले यी लगायत निर्वाचन आचारसंहिता कार्यान्वयनलाई प्रभावकारी बनाउन निर्वाचन आचारसंहिता अनुगमन अधिकृतहरूलाई निर्देशन दिएको छ । आयोगले सोमबार विज्ञप्ति निकालेर यस्तो जानकारी दिएको हो ।

आचारसंहितामा प्रचारप्रसार निषेध अवधिमा सभा, सम्मेलन, अन्तरक्रिया निषेध गरिएको छ । कुनै पनि माध्यम वा तरिकाबाट गरिने निर्वाचन प्रचारलाई समेत सो अवधिमा निषेध गरिएको छ । सञ्चार माध्यहरूले समेत कुनै पनि दल वा उम्मेदवारको पक्ष वा विपक्षमा प्रचारप्रसार गर्न नपाउने व्यवस्था आचारसंहिताले गरेको छ ।

# निर्वाचन कर्मचारी सवार जिप दुर्घटना अपडेट : एक जनाको मृत्यु

**जलेश्वरटुडे समाचारदाता**
**काभ्रेपलाञ्चोक, १८ फागुन**

रामेछापमा निर्वाचनमा खटिएका कर्मचारी सवार गाडी दुर्घटनामा एक जनाको मृत्यु भएको छ । प्रमुख जिल्ला अधिकारी श्यामकृष्ण थापाका अनुसार रामेछाप नगरपालिका-२ सिरुबारी भन्ने ठाउँमा ना ७ ख ६७६८ नम्बरको बोलेरो जित दुर्घटनामा परेको थियो । सो जिप भिरबाट खस्दा एक जना सुरक्षाकर्मीको मृत्यु भएको हो । उक्त जिपमा निर्वाचनमा खटिएका कर्मचारीदेखि सुरक्षाकर्मी समेत थिए ।



गाडीमा निर्वाचन सामग्रीसहित १०/११ जना निर्वाचनमा खटिएका कर्मचारी थिए । अहिले उद्धारका काम भइरहेको र थप विवरण आउन बाँकी रहेको प्रमुख जिल्ला अधिकारी थापाले जानकारी दिए ।

# एक व्यक्तिले एकपटक भन्दा बढी मतदान गरे २५ हजार जरिबाना

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १८ फागुन**

आगामी बिहीबार हुने प्रतिनिधिसभा निर्वाचनका लागि आज राति १२ बजेपछि निर्वाचन प्रचारप्रसार निषेध अर्थात मौन अवधि सुरु हुँदैछ । मतदान अघिको ४८ घण्टादेखि मतदानको दिन मतदान केन्द्र बन्द नहुन्जलेसम्म आयोगले प्रचारप्रसार निषेध अवधि तोकेको छ ।



निर्वाचन व्यवस्थापनका क्रममा यो अवधिको विशेष अर्थ र महत्त्व रहन्छ । यो अवधिमा राजनीतिक दल, उम्मेदवार, सञ्चारकर्मी, सञ्चारमाध्यम, मतदाता लगायत सरोकारवाला सबै पक्षले पालना गर्नुपर्ने विशेष आचरण तोकिएको छ ।

निर्वाचन प्रचारप्रसारमा रोक: निर्वाचन आयोगका अनुसार मौन अवधिमा निर्वाचन प्रचारप्रसार लगायत कुनै पनि प्रकारका छलफल, अन्तरक्रिया, सभा सम्मेलन, कार्यशाला गोष्ठी आदि गर्न पाइँदैन । भोज भतेर, हुलहुज्जत गर्न नहुने: बाजा बजाउन, नाचगान गर्न, सार्वजनिक भोज भतेर गर्न, जुलुस प्रदर्शन वा जुनसुकै किसिमको सभा वा समारोह गर्न वा हुलहुज्जत वा होहल्ला गर्न वा गराउन हुँदैन । सामाजिक सञ्जालमा कडाइ: सामाजिक सञ्जाल, अनलाइन, छापा वा अन्य कुनै पनि माध्यमबाट राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा कुनै सन्देश, सूचना वा प्रचारप्रसार सामग्री पोष्ट वा शेयर गर्न वा गराउनु हुँदैन ।

कुनै पनि तरिकाबाट मत माग्न नपाउने: निर्वाचन प्रचारप्रसार तथा मत माग्नका लागि साउण्ड सिस्टम, सर्ट मेसेज सर्भिस (एसएमएस), सामाजिक सञ्जाल वा यस्तै अन्य कुनै साधन वा माध्यमको प्रयोग गर्नु हुँदैन । मतदानमा बाधा पुऱ्याउन नहुने: मतदान कार्य प्रारम्भ हुनुभन्दा तीन घण्टा अघिदेखि मतदान कार्य समाप्त नभएसम्म कसैले पनि मतदाता वा मतदान केन्द्रमा मतदानको काममा संलग्न व्यक्ति वा कर्मचारीलाई बाधा पुऱ्याउने कार्य गर्नु हुँदैन । विज्ञापन हटाउनु पर्ने: राजनीतिक दल तथा उम्मेदवार, दलका भातृ संगठनहरूले सामाजिक सञ्जाल मार्फत गरिएका विज्ञापन तथा निर्वाचन प्रचारप्रसारका सामग्री हटाउनुपर्छ । मतदान केन्द्रमा शान्ति कायम राख्नु पर्ने: मतदान केन्द्र रहेको घर, भवन वा स्थानमा मतदानलाई असर पार्ने गरी त्यसको वरिपरिको कुनै निजी वा सार्वजनिक घर, भवन वा जग्गामा शान्ति भंग गर्न वा भय, त्रास सिर्जना गर्न वा निर्वाचनको वातावरण बिथोल्ने कार्य गर्न वा गराउनु हुँदैन ।

प्रचारप्रसार सामग्री हटाउनु पर्ने: मतदान हुने दिनको ४८ घण्टाअघि मतदान स्थलको तीन सय मिटर वरिपरि राखिएका राजनीतिक दल वा उम्मेदवारका प्रचारप्रसार सामग्री हटाउनुपर्छ ।









हार्दिक शुभकामना
Happy HOLI
हर्षोल्लासको पर्व होलिको अवसरमा सम्पूर्ण जनप्रतिनिधि,कर्मचारी र पालिकावासीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
फागुनमे राम खेलत होलि फागुनमे
अनुरोधकर्ता
रामगोपालपुर नगरपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश

# मेरो भोट कसले पाउँदैन ?

-कस्ता दल र उम्मेदवारलाई भोट दिने भनेर त धेरै लेखियो । तर, आज म मेरो भोट कसले पाउँदैन भनेर लेख्न चाहन्छु । हुन त कसैलाई भोट गर्ने/नगर्ने छनोट 'व्यक्तिगत' हो । तर, बृहत्तर अर्थमा 'व्यक्तिगत' भन्ने केही हुँदैन । त्यो 'समाजगत' र 'राजनीतिक' नै हुन्छ । यहाँ मैले भोट नदिने विषय धेरै व्याख्या नगरी बुँदागत रूपमा लेखेको छु । त्यसैले वाक्यहरुबीच सिलसिला छैन । तपाईं यी बुँदामा केही हटाउन वा थप्न वा बिलकुल नयाँ बनाउन स्वतन्त्र हुनुहुन्छ ।

तर, मतदाता-शिक्षा भन्ने पनि केही चीज हुन्छ, जो अचेल गायबझैँ लाग्छ । म कसलाई भोट दिन्नँ त ? जसका अभिव्यक्ति म विनासम्पादन मेरा बच्चाहरूलाई सुनाउन सक्दिनँ । जसले बच्चाहरू मारिँदा 'श्रध्दाञ्जलि' शब्दबिना नै विज्ञप्ति निकाल्यो । पत्रपत्रिकामा छापिने श्रद्धाञ्जलिमा 'श्रद्धा' नै नभएको तपाईंले देख्नुभएको छ ? छैन । तर, मैले 'श्रद्धा' नै नभएको श्रद्धाञ्जलि देखेँ । जसले आफू घरमुली हुँदा घरभित्र भएको बीभत्स हिंसाको नैतिक जिम्मा नलिई घरबाहिर मात्र देखायो । तत्क्षण राजीनामा गरेर घरको थप क्षति रोक्ने सत्प्रयास गरेन । अझै एक वचन क्षमासमेत मागेको छैन । परिवार सिध्याउने घरमुली र घरमुलीको रिसले घरै जलाउने परिवारका उद्दण्ड सदस्यहरू । जसले जलाइदिन्छु, गाडिदिन्छु जस्ता अभिव्यक्ति दिइरहे ।

जसले दुई-दुई पटक विभागीय मन्त्री भएर निर्मला पन्तको बलात्कार र हत्यामा सिन्कोसमेत भाँचेनन् । जसले जिम्मा लिएको काम पूरा नगरी छोड्नुपर्दा न मतदातासित कहिल्यै मुख देखाए, न धन्यवाद भने, न सरी । जसले पछि आफूले बोलेको त्यही कुरा देखाउँछन् र जवाफदेहिता माग्छन् भन्ने डरले हुनुपर्छ, चुनावअघि कुनै पत्रकारसित एउटै वार्ता र उम्मेदवारबीच एउटै संवाद गरेनन् । भौतिक, भर्चुअल खुला प्रश्नोत्तर एउटै गरेनन् । जसले प्रश्नकर्ताहरूको मुख थुन्छ, सञ्चारहरू जलाउँछ, सम्पूर्ण पत्रकारिता क्षेत्रकै खिल्ली उडाउँछ । जुन दलमा आन्तरिक लोकतन्त्र छैन, महाधिवेशन हुँदैन, टिकेतन्त्र चल्छ । जो आफ्नो परिवारमा सुधार र पुस्तान्तरणको पक्षमा उभिँदैन । जो आफ्ना दुर्गन्धित भ्रष्ट नेताको बचाउमा सधैँ दश हात माथि उफ्रिन्छ । जो वाक्यैपिच्छे वाक्कै लाग्ने गरी खालि घृणा र अहंकारका शब्द मात्र ओकल्छ ।

जो हिंसामा विश्वास गर्छ । जो दण्डहीनतालाई प्रश्रय दिन्छ । जो लिंग, जात, धर्म, क्षेत्र, वर्ग, शरीर, शारीरिक अवस्था आदिका आधारमा नकारात्मक विभेद (हिंसा) गर्छ । जसले नवराज विश्वकर्माहरू आफ्नै कारणले मरेका हुन् भनेर संसद्मा बोल्छ । जो जन्मका आधारमा कुनै थर वा वंशको अलोकतान्त्रिक शासन चाहन्छ । जो धर्मलाई राजनीतिमा मिसाउँछ । जो देश बनाउनै आफू विदेशबाट फर्केको भनिरहन्छ । जो आफ्नो जन्म नै देश बनाउन भएको हो जसरी बुढ्यौलीसम्म पनि ठेकेदारका रूपमा प्रस्तुत भइरहन्छ । जो आलोचनात्मक चेतलाई 'आचे' भनेर उडाइरहन्छ । जो केही खेलाडी खत्तम भए भन्दैमा खेल नै खराब हो जसरी भाष्य बनाउँछ र फैलाउँछ । जो 'यो देश पढेलेखेकाले बिगारेका हुन्' भन्छ । जो 'राजनीति त डिग्रीधारी, धनी वा कुनै पेसा-व्यवसाय भएकाले मात्र गर्ने हो' भन्छ । जो 'गरिबहरू राजनीतिमा आए भने सबैभन्दा बढी भ्रष्ट हुन्छन्' भन्ने मान्यता बोकिबस्छ । जो 'गौतम बुद्धसित कतिवटा सर्टिफिकेट थिए ? हात्ती पढेर ठूलो भएको हो र ? किताब हैन, समाज पढ्ने हो समाज,' भन्छ । जो 'बौध्दिकहरू कोट काट्ने मुसा हुन्, धेरै पढे पागल होइन्छ' भन्छ । जो 'धनीजति सबै शोषक र सामन्ती अनि व्यापारीजति सबै फटाहा हुन्' भन्छ । जो आफ्नो पार्टीका व्यवसायीबाहेक सबैलाई आगो लगाइदिनुपर्छ जस्ता अभिव्यक्ति दिन्छ । जो राज्यकोषको पैसा लिएर विदेश जँचाउन गइरहन्छ तर देशमा शिक्षा-स्वास्थ्यको बजेट घटाउँछ अनि यी क्षेत्र सबै निजीलाई सुम्पौँ भन्छ । तर फेरि कागज कारखाना, जुत्ता कारखाना, चुरोट र रक्सी कारखाना राज्यले चलाउनुपर्छ जस्ता कुरा गर्छ ।

जो 'मैले यति भत्ता दिएँ, यति बढाइदिएँ, अब यति थप्छु' भन्छ । जो 'राज्यकोषबाट पाउने सुविधा तपाईंले तिरेकै कर हो' भन्दैन । जो 'मैले जितेँ भने एक रुपैयाँ तलबभत्ता लिन्नँ' भन्छ । जो 'सुत्केरीको उद्धार मैले मेरो हेलिकप्टरबाट गरेँ' भन्छ । जुन वाद आफूलाई संवादभन्दा माथि ठान्छ । जो व्यक्तित्व अरुको अस्तित्व मान्दैन । जो नेता विधायक हुन उठेको छ तर विधिका नाममा प्रविधि मात्र चिन्छ । जसले सरकारमा बसेर सम्पत्ति विवरणसमेत सार्वजनिक नगरी बाहिर निस्केर ठूल्ठूला कुरा गर्छ । जो लामो समय पत्रकार थियो तर अब 'पत्रकारिताजति खराब केही छैन' भन्दै प्रश्नहरूबाट सधैँ तर्किन्छ । जसले पटक-पटक प्रधानमन्त्री र मन्त्री हुने मौका पाएर पनि कुनै उल्लेख्य नीतिगत (दिगो) परिवर्तनको काम गरेन । जो हरेक तन्त्रमा दाउ फेर्दै चार दशकदेखि च्याँखे खेलिरहेछ ।

जो प्रश्न, आलोचना, टिप्पणी, सुझावहरू सुनेपछि भन्छ, 'के गर्ने, कसो गर्ने हामीलाई सब थाहा छ । सिकाउन खोज्नेले पहिला मैले जस्तै चुनाव जितेर आउनुपर्छ, चुनावमा उठ्न कल्ले छेक्या थियो ?' जो 'कुरा गरेर देश बन्छ ? काम पो गर्नुपर्छ' भनिरहन्छ । जो 'पत्रकारिता गरेर, साहित्य लेखेर, गीत गाएर, लेख लेखेर, अनुसन्धान गरेर, अन्तर्क्रिया गरेर देश बन्छ ? देश बनाउन त मजस्तै चुनाव लड्नुपर्छ' भन्छ । जो 'महिलाको शत्रु महिला हुन्' जस्तो विश्वास बोकिबसेको छ । जो जातीय विभेदको कुरा गर्नेबित्तिकै 'कामी, दमाई, सार्कीभित्र पनि त विभेद छ नि' भन्छ । जो 'सकारात्मक विभेद नीतिले मेरिट सिस्टम भताभुंग भयो' भन्छ । जसले बन्द सूचीलाई धनीमानी, पहुँचवाला, सनसनीपूर्ण सेलिब्रेटी, अनैतिक र बन्द ओठहरूको सूची बनाएको छ । अनि फेरि उही 'समानुपातिक निर्वाचन प्रणालीले हामीकहाँ काम गरेन' भन्छ । जो 'देश त पहिले स्वर्ग थियो, अहिले नर्क भयो' भन्छ । जो 'देश त पहिला नर्क थियो, मैले जिते मात्र स्वर्ग बन्छ' भन्छ ।

**सांभार : कान्तिपुर ।**



# घर-घरमा मतदाता शिक्षा पुरुयाउन सफल भयौं : निर्वाचन आयोग

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, १८ फागुन



निर्वाचन आयोगले घरघरमा मतदाता शिक्षा पुरुयाउन सफल भएको जनाएको छ । निर्वाचन आयोगले ३ फागुनदेखि मतदाता शिक्षा कार्यक्रम सुरु गरेको थियो । आइतबारसम्म चलेको मतदाता शिक्षा कार्यक्रम अन्तर्गत आम मतदातालाई सही, तथ्यपरक र उपयोगी जानकारी प्रदान गरिएको छ । जसमार्फत जिम्मेवार र सचेत मतदान संस्कृतिको विकास हुने आयोगको अपेक्षा छ ।

मतदानको कार्यमा आम मतदाताको सहभागीता अभिवृद्धि र बदर मतको संख्या न्यूनीकरण गर्नु मतदाता शिक्षा कार्यक्रम प्रभावकारी हुने आयोगको अपेक्षा छ । मतदाता शिक्षाका लागि आयोगले आम सञ्चार माध्यम, सामाजिक सञ्जाल र स्वयंसेवक परिचालन गरेको थियो ।

देशभरका नगरपालिका तथा गाउँपालिकाका स्थित ६ हजार ७४३ वडामा ३ फागुनदेखि १७ फागुनसम्म मतदाता शिक्षा स्वयंसेवक परिचालन भएका थिए । स्वयंसेवकले मतदाताले मतदान प्रक्रिया, मतपत्रको प्रयोग, गोप्य मतदानको महत्व, निर्वाचन आचारसंहिता तथा गलत एवं भ्रामक सूचनाबाट बच्ने उपायबारे जानकारी दिएका छन् ।

स्थानीय तहको सहभागिता र समुदायको प्रत्यक्ष संलग्नता मार्फत मतदाता शिक्षा कार्यक्रम सञ्चालन भएको बताउँछिन् निर्वाचन आयुक्त डा. जानकीकुमारी तुलाधर । उनी भन्छिन्, 'फागुन ३ गतेदेखि १७ गतेसम्म मतदाता शिक्षा कार्यक्रम अन्तर्गत स्वयमसेविका परिचालन गरेका थियौं । उहाँहरूले घरदैलोमा पुगेर मतदाता शिक्षा दिनुभएको छ ।' विभिन्न भाषामा समेत मतदाता शिक्षा कार्यक्रम सञ्चालन गरिएको जानकारी दिइन् । 'घर-घरमा मतदाता शिक्षा पुगेको छ' उनले दोहोऱ्याइन् । यसका आलावा मतदाता शिक्षा सम्बन्धी सामग्री उत्पादन गर्ने र प्रशारण गर्ने काम आयोग आफैँले समेत गरेको उनले जानकारी दिइन् । आजदेखि भने मौन अवधि सुरु हुँदैछ ।

आयोगले यही ४ फागुनदेखि १८ फागुन आज सोमबारसम्मका लागि निर्वाचन प्रचारप्रसारको समय निर्धारण गरेको थियो । २१ गते मतदान हुनेछ ।

"पत्र-पत्रिकाहरूको कम्प्युटर सेटिङ्ग गर्नका लागि हामीलाई सम्झनुहोस ।"



सम्पर्क -: ढिलीप कुमार साह :-
मो.नं.-९८४४०५१४८७ (जनकपुरधाम)
एकचोटी सेवाको मौका अवश्य दिनुहोला




अनुरोधकर्ता
भंगहा नगरपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश




प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday